प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर, नेपाल

फोन नं. ०२१५७२९०६
०२१५७११४०
०२१५७३६७६

प.सं. ०८०।०८१
च.नं. ४०६

२०८०।११।३०

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू,
स्थानीय तहहरु (सबै १३७)
कोशी प्रदेश, विराटनगर।

विषयः आगामी आ.व. २०८१/०८२ मा प्रदेश समपुरक अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० तथा प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन समेत) को दफा ३ बमोजिम प्रदेश सरकारले स्थानीय तहहरुलाई पूर्वाधार विकास सम्बन्धी कुनै आयोजना/कार्यक्रम कार्यान्वयन गर्न समपुरक अनुदान प्रदान गर्न सक्ने प्रावधान रहेको छ। आर्थिक वर्ष २०८१/०८२ का लागि उक्त कार्यविधि बमोजिम प्रदेश सरकार र स्थानीय तह समेतको लागत साझेदारी हुने गरी तपसिलमा उल्लेखित विवरणको अधिनमा रहि २०८० चैत्र मसान्त भित्र तोकिएको विद्युतीय प्रणाली http://p1.csgrants.gov.np/ मा गई आयोजाना/कार्यक्रम प्रस्ताव पेश गर्नुहुन सोही कार्यविधिको दफा ७ बमोजिम यस मन्त्रालयको मिति २०८०।११।२२ को (माननीय मन्त्रीस्तरीय) निर्णयानुसार अनुरोध छ।

थप जानकारीका लागि यस मन्त्रालयको फोन नं. ०२१-५७११४०, Extension ११५ वा इमेल ठेगाना p1.msg7879@gmail.com मा सम्पर्क गर्न सक्नुहुनेछ।

## तपसिल

१.चालु आ.व. २०८०।०८१ मा प्रदेश समपूरक अनुदानबाट सञ्चालमा रहेका तर सम्पन्न नभएका आयोजना/कार्यक्रमलाई सम्बन्धित स्थानीय तहले निरन्तरता दिन सक्नेछन।

२. आगामी आ.व. २०८१।०८२ मा स्थानीय तहले समपूरक अनुदानका आयोजना/कार्यक्रम प्रस्ताव गर्दा अनिवार्य रुपमा २०८० चैत्र मसान्त भित्र तोकिएको विद्युतीय प्रणाली (http://p1.csgrants.gov.np/) मार्फत गर्नुपर्ने छ।

शाखा अधिकृत

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर, नेपाल

फोन नं. ०२१५७२९०६
०२१५७११४०
०२१५७३६७६

प.सं. ०८०।०८१
च.नं. ५०६

३. आयोजना/कार्यक्रम प्रस्ताव अनलाइन प्रणालीमा प्रविष्ट गर्न सम्बन्धित स्थानीय तहका लागि लग-ईन गर्ने विवरणहरु (User ID / Password ) मन्त्रालयबाट यस अगाडी नै उपलब्ध गराई सकिएको हुँदा कुनै कारणवश उपलब्ध हुन नसकेमा मन्त्रालयको इमेल ठेगाना (p1.msg7879@gmail.com) मा आधिकारिक पत्राचार गरि पुनः प्राप्त गर्न सकिनेछ।

४. स्थानीय तहले समपूरक अनुदान सम्बन्धी प्रस्ताव पेश गर्दा प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन समेत) को दफा ३ बमोजिमको क्षेत्र तथा दफा ७ बमोजिमको प्रकृया पुरा गरी पेश गर्नुपर्ने छ।

५. स्थानीय तहले समपूरक अनुदान माग गर्दा प्रदेश समपूरक अनुदान सम्वन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन समेत) को अधिनमा रहि माग गर्नुपर्ने साथै सोही कार्यविधि बमोजिम खर्च गर्नु पर्नेछ।

६. आगामी आ.व. २०८१।०८२ का लागि समपूरक अनुदान प्रस्ताव पेश गर्दा स्थानीय तहले बढीमा २ वटा आयोजना/कार्यक्रम पेश गर्नु पर्ने छ ।

०८०।११।३०
(दुर्गा ढकाल)
शाखा अधिकृत

बोधार्थः
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
कोशी प्रदेश, विराटनगर

नोटः संपर्क मोबाईल नं. ९८४२०४८८५५